नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं. २७/०७७/०७८

मितिः २०७७ साउन २५ गते ।

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

श्री सम्माननीय प्रधान न्यायाधीशज्यू
सर्वोच्च अदालत
रामशाहपथ, काठमाडौं ।

विषय :- ध्यानाकर्षण सम्बन्धमा ।

सम्माननीयज्यू

नेपाल बार एशोसिएशन आफ्नो स्थापनाकालदेखि नै संवैधानिक सर्वोच्चता, विधिको शासन, मानव अधिकार, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, प्रेस स्वतन्त्रता, व्यवसायिक हक हित संरक्षण र प्रवर्धनको पक्षमा सदा क्रियाशील रही आएको छ । उल्लेखित कुनै पनि विषयमा कहिँ कतैबाट जुनसुकै रूपमा पुऱ्याएको वा पुऱ्याइने दखल, हस्तक्षेपको हामी खुलेर विरोध गर्दछौं । सोका लागि समय-समयमा नेबाएले गर्दै आएका आन्दोलन, विरोध तथा सुझावहरु सबैका सामु छर्लङ्ग नै छन् ।

राज्यका तीन वटा अङ्गमध्ये एउटा अङ्ग न्यायपालिकाको भूमीका अन्यको भन्दा अहम् रहन्छ । अन्य निकायबाट भएका त्रुटी गल्तिहरु न्यायपालिकाले संविधान तथा कानून मार्फत सच्याई वा सच्याउन लगाई आम नागरिकको विश्वास आर्जन गरिरहेको हुन्छ । संविधान बमोजिम शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनको सिद्धान्तमार्फत सबै निकायले आ-आफ्नो संवैधानिक र कानूनी दायरामा रहेर आ-आफ्नो भूमीका ईमान्दारीपूर्वक पालना गर्नुपर्ने कुरामा दुईमत हुन सक्दैन । अदालतको स्वतन्त्रता, सक्षमता, निष्पक्षता, पारदर्शिता, स्वच्छतापूर्ण कार्यबाट नै अदालतप्रति आम नागरिकको विश्वास बढ्दै जाने हो । जनविश्वास रहेको न्यायपालिका माथि कहिँकतैबाट हस्तक्षेप हुन सक्दैन, हुनु हुँदैन । अदालतप्रतिको आस्था र विश्वासमा कमि ल्याउने, अदालती काम, कारवाहीमा हुने बाह्य वा जुनसुकै हस्तक्षेप सह्य हुँदैन । नेपाल बार एशोसिएशन न्यायमा सहज, सरल र सार्थक पहुँचका लागि नागरिकको हक हित रक्षाका लागि, संविधानको पूर्ण परिपालना गर्न, गराउनका लागी र विकृति, विसंगती हटाउने कुरामा सदा सचेत र सतर्क भई लागि रहेको छ । लागि रहने छ ।

न्यायपालिकाका काम, कारवाहीहरुमा न्यायाधीशको प्रमुख भूमिका रहने कुरामा बिमती रहन सक्दैन । न्यायाधीश नियुक्ती न्याय परिषद्बाट हुने भएकोले न्यायाधीश नियुक्तिमा हुने कमजोरीबाट समग्र न्यायपालिका कमजोर हुन पुग्दछ । न्यायाधीश नियुक्तिमा संविधान, कानूनले तोकेका अधिकतम् योग्यता भएका व्यक्तिको अन्य आचरण, अध्ययन, न्यायप्रतिको निष्ठा, अनुभव, दक्षता, नैतिकता, इमान्दारिता लगायतका कुराहरुलाई अनदेखा गरि गरिने नियुक्तिको दुष्परीणाम बिगत केहि वर्षहरुदेखि देखिदै आएका छन् ।

तसर्थ संविधान, ऐन, नियम अनुसार न्याय परिषद्का काम, कारवाहीहरु नभएका कारणबाट संविधान, ऐन, नियम संशोधनमार्फत न्याय परिषद्लाई जिम्मेवार बनाउन र न्यायाधीश नियुक्तिहरुलाई उच्चतम् योग्यता, क्षमता, अनुभव, न्यायिक निष्ठा, इमान्दारिता, व्यवसा निरन्तरता, नैतिकताका आधारमा गर्न अव ढिला गर्नु हुँदैन भनि नेपाल बार एशोसि बिगतदेखि नै भन्दै आईरहेको व्यहोरा पुनः स्मरण गराउन चाहन्छौं ।

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं.

मितिः

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

न्यायपालिकाको समग्र सुधार गरी स्वच्छ न्याय, न्यायमा सहज, सरल पहुँचको सुनिश्चितता समेतका लागि अव एक विशेष आयोग वा समिति गठन गरि समितिले गहन अध्ययन, छलफल, अन्तरक्रिया मार्फत प्रतिवेदन तयार गरि सुधारका योजनाहरु निर्माण गरी कार्यान्वयनमा लैजान तत्काल आवश्यक रहेको महसुस गरेका छौं । यसतर्फ सम्माननीयज्यू लगायत सरोकारवाला सबैको गम्भीर ध्यानाकर्षण हुन अनुरोध पनि गर्दछौं ।

बिगतमा नेवाएले विभिन्न विषयमा सम्माननीयज्यू लगायत सम्बद्ध निकायहरुमा गराईएका मिति २०७६/०१/१०, २०७६/०२/१९, २०७६/०४/१४, २०७६/०८/०४, २०७७/०३/२३, २०७७/०४/१८ का ध्यानाकर्षण, बिज्ञप्ती लगायतका छायाँप्रतिहरु यसैसाथ संलग्न गरि पुनः स्मरण र कार्यान्वयनका लागि अनुरोध गर्दछौं । यसै बिच नेवाएका केहि पूर्व अध्यक्ष, उपाध्यक्ष, महासचिव लगायतका पूर्व पदाधिकारी तथा अन्य कानून व्यवसायीज्यूहरुद्वारा प्रेषित ध्यानाकर्षण अपिल समेत जानकारीका लागि संलग्न गरिएको छ । उल्लेखित सबै विषयका छायाप्रतिहरुमा उल्लेखित व्यहोरा अध्ययन गरि आवश्यक कार्यको थालनी हुने विश्वास पनि लिएका छौं ।

नेबाएको मिति २०७७/०४/२३ गते बसेको बैठकको निर्णयअनुसार निम्नानुसारको कार्य तत्काल सुरु गर्न जोडदार माग गर्दछौं ।

सम्माननीयज्यू

(१) सबै तहका अदालतहरुमा पेशी तोक्ने प्रणालीमा विभिन्न त्रुटी कमजोरी रहेको र सोही कारणबाट न्यायपालिकाले आफैले जनआस्था अभिवृद्धि गर्न नसकेको आम सञ्चार माध्यम र सर्वसाधारणहरुबाट समेत अदालतप्रति वितृष्णा फैलिने जस्ता गतिविधिहरु भएको महसुस गरिएकोले पेशी सूची तोक्ने, प्रकाशन गर्ने सम्बन्धमा १ (एक) महिनाभित्रै विद्युतीय स्वचालित प्रणाली (Automation) मार्फत पेशी तोक्ने व्यवस्था लागू गरियोस् ।

(२) सर्वोच्च अदालत नियमावली २०७४ को नियम ७६ (६क) तत्काल खारेज गरि पुराना मुद्दाको सुनुवाई गर्न निश्चित बार वा सबै दिन सबै बेञ्चमा २/३ वटा पर्ने गरि पेशी तोक्ने व्यवस्था मिलाईयोस् ।

(३) संवैधानिक ईजलासको कार्यक्षेत्र भित्र पर्ने विवादहरुको नियमित सुनुवाई गर्ने व्यवस्था मिलाइयोस् ।

(४) साप्ताहिक तथा दैनिक पेशी सूचीमा मुद्दा स्थगित हुँदा समान प्रकृतिका मुद्दामा समान आधार र कारणका आधारमा स्थगित गरियोस् ।

(५) सर्वोच्च अदालत, उच्च अदालत पाटन, काठमाडौं तथा ललितपुर जिल्ला अदालत लगायत सम्पूर्ण अदालतहरुमा कानून व्यवसायीको सवारी साधनको पार्किङको उचित व्यवस्थापन अविलम्ब गरियोस् ।

(६) नेपाल बार एशोसिएशन र सर्वोच्च अदालतका सम्पूर्ण न्यायाधीशहरुका बिच हरेक तीन/तीन महिनामा नियमित छलफलको व्यवस्था मिलाईयोस् ।

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं.

मितिः

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

(७) उच्च तथा सर्वोच्च अदालतमा नियुक्त भएका केही न्यायाधीशहरुमा पदानुकूलको अनुभव तथा ज्ञानको समेत अभाव रहेको भन्ने गुनासो आईरहेकोले त्यस्ता न्यायाधीशहरुको पहिचान गरी न्याय परिषद्मा हाजिर गराई लामो अवधिको प्रशिक्षण, तालिम र अध्ययनको उचित व्यवस्था गरी पदानुकूलको अनुभव र अध्ययन भए पश्चातमात्र बेञ्च तोक्ने व्यवस्था मिलाईयोस् ।

(८) स्वचालित पेशी प्रणाली लागू नहुन्जेलसम्म उच्च अदालत (वाणिज्य इजलाश)मा न्यायाधीश तोक्ने (बेञ्च गठन गर्ने) कार्य विषय विज्ञका आधारमा सम्बन्धित अदालतका मुख्य न्यायाधीशलाई प्रदान गर्ने व्यवस्था मिलाईयोस् ।

(९) न्यायाधीश नियुक्तिको सम्बन्धमा न्याय परिषद् ऐन २०७३ को दफा ४ को व्यवस्था कार्यान्वयन गरियोस् । न्यायाधीश नियुक्त गर्दा नेपाल बार एशोसिएशनले मिति २०७६/०८/०४ मा दिएको सुझावमा उल्लेखित १ बराबर ३ को रोष्टर बनाई सार्वजनिक गरी कार्यान्वयन गरियोस् ।

(१०) सर्वोच्च अदालतबाट भएका फैसलाहरुमा एकै प्रकृतिका मुद्दामा उहि बेञ्च तथा फरक बेञ्चबाट फरक-फरक फैसला भएको पाईएकोले सो सम्बन्धमा आवश्यक अध्ययन गरी एकरुपता कायम गरियोस् ।

(११) न्याय क्षेत्रभित्रका बिसंगती, विकृती, बिचौलिया र भ्रष्टाचार नियन्त्रण गर्न नेपाल बार एशोसिएशनको प्रतिनिधि समेत सम्मिलित एउटा विशेष संयन्त्र अविलम्ब गठन गरियोस् ।

(१२) न्यायाधशि नियुक्ति, न्यायालयमा हुने सबै प्रकारको राजनीतिक हस्तक्षेप निषेध र अस्वीकार गरियोस् ।

(१३) वरिष्ठ अधिवक्ताको उपाधी प्रदान गर्दा नेपाल बार एशोसिएशनको मिति २०७६/०४/१४ को सुझावलाई गम्भीरतापूर्वक लिईयोस् ।

(१४) न्यायाधीश र नेपाल बार एशोसिएशनको पदाधिकारीको सम्पत्ति पारदर्शी रुपमा छानविन गरि सार्वजनिक गर्ने व्यवस्था मिलाईयोस् ।

(१५) अदालतका आदेश, फैसलाहरुको कार्यान्वयन तत्काल गरि न्याय परेको अनुभूती दिलाईयोस् ।

(१६) अदालतमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको प्रवेश र प्रभावलाई तत्काल नियन्त्रण गरियोस् ।

(१७) मुख्य न्यायाधीश, मुख्य भई काम गर्ने न्यायाधीश वा न्यायाधीश नियुक्त गर्दा निश्चित आधार, कारण र मापदण्डका आधारमा गरियोस् ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव

नेपाल बार एशोसिएशन
रातमाटाम्पथ, काठमाडौं, नेपाल
फोन: ९७७-१-४२००८३७
फ्याक्स: ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
वेब: www.nepalbar.org

प.सं.

मिति: २०७६।०१।१०

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह
मिन बहादुर महत
उमेश प्रसाद विष्ट
रक्षा बस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगासागर खत्री
भिमसेन बन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

नेपाल बार एशोसिएशनद्धारा जारी

प्रेस विज्ञप्ती

नेपाल बार एशोसिएशनले आफ्नो स्थापनाकाल देखि नै स्वतन्त्र, सक्षम, निर्भिक र उत्तरदायी, न्यायपालिका, विधिको शासन, मानव अधिकारको रक्षा र न्यायमा सरल सहजपहुँच, कानूनव्यवसायीहरुको हकहित, मर्यादा अभिवृद्धि र सुरक्षा प्रति प्रतिवद्ध रहँदै आएको कुरा सर्वविदितै छ। स्वतन्त्र, सक्षम निर्भिक, जवाफदेही र भ्रष्टाचारमुक्त न्यायपालिकाको लागि सक्षम, योग्य, निष्ठावान र उच्च नैतिकचरित्र भएको व्यक्तिहरु मध्येबाट संविधान र प्रचलित कानून बमोजिम स्वच्छ र पारदर्शिरुपले न्यायाधीशहरुको नियुक्ती हुनु पर्ने कुरामा कसैको विमति रहन सक्दैन । यसका लागि न्यायपरिषद् र यसका पदाधिकारीहरुको जिम्मेवारी र प्रभावकारी भूमिका अपरिहार्य हुन्छ।

नेपाल बार एशोसिएशनको वर्तमान कार्यसमितिको निर्वाचन सम्पन्न भई मत गणना कार्य भई रहेको अवस्थामा अचानक मिति २०७५।१२।१९ मा न्यायपरिषदबाट सर्बोच्च अदालत र उच्च अदालतहरुमा न्यायाधीशमा नियुक्तिको निम्ति विभिन्न व्यक्तिहरुको नाम सिफारिश भई उच्च अदालतमा तत्काल नियुक्ति भएको र सर्बोच्च अदालतमा नियुक्तिको सिफारिश हुने न्यायाधीशहरुको संसदीय सुनुवाई समेत सम्पन्न भई ने.बा.ए.को निर्वाचित नयाँ कार्यसमितिले कार्यभार सम्हाल्दाकै दिन मिति २०७६।०१।०६ मा सम्माननीय राष्ट्रपतिज्यूबाट नियुक्तीको प्रकृया समेत पुरा भईसकेको सन्दर्भमा नियुक्ती हुने न्यायाधीश तथा नियुक्ति प्रकृयाका सम्बन्धमा न्यायिक वृत्तमा मात्र नभएर आम जनमानसमा समेत उत्पन्न भएको तरंग एवम यस सम्बन्धी तिव्र असन्तुष्टिले ने.बा.ए. को गंभिर ध्यानाकर्षण भएको छ । यसै विषयलाई लिएर मिति २०७६।१।८ मा नेबाएका पूर्व अध्यक्ष, पूर्व महासचिव, वरिष्ठ अधिवक्ताहरु, उपत्यका बार इकाइका अध्यक्षहरु समेतका सल्लाहकार समितिको बैठक बसी छलफल गरी प्राप्त सुझाव समेतको आधारमा मिति २०७६।१।६ गते देखि ९ गते सम्म लगातार बसेको नेबाएको बैठकले निम्न बमोजिमको धारणा सार्वजनिक गरेको छ।

१. न्यायाधिश नियुक्तिको सिफारिश गर्दा संविधान विद्यमान कानूनी व्यवस्था बमोजिम सम्बद्ध निकायबाट योग्यता पुगेका व्यक्तिहरुको नाम संकलन गरी वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमान्दारी, निष्पक्षता, पेशागततथा नैतिक आचरण, सार्वजनिक जीवनमा आर्जन गरेको ख्याति तथा व्यवसायीक निष्ठा समेतका आधारमा योग्यतम व्यक्तिहरुको सूचि तयार गरी व्यापक छलफलको आधारमा योग्यतम व्यक्तिहरुको छनौट गरी सिफारिश गर्नुपर्नेमा सो बमोजिमको प्रकृया नअपनाई व्यक्तिगत पहुँच र भाग बण्डाका आधारमा हठातमा सिफारिश र नियुक्ती गरेको ने.बा.ए.को ठम्याइ रहेको छ । यस सम्बन्धी सार्वजनिक संचार माध्यमहरुमा छताछुल्ल भएको समाचारहरुबाट समग्र न्यायपालिकामाथीको जनआस्थामा समेत गंभिर क्षति पुग्न गएको छ।

२. सर्वोच्च अदालत र उच्च अदालतमा नियुक्ती भएका कतिपय न्यायाधिशहरुको संविधान र कानून बमोजिमको अनुभव योग्यता र क्षमतामा नै गंभिर प्रश्न खडा भएको र त्यस्तो नियुक्तिले न्यायपालिकाको गरिमा माथी नै प्रश्न चिन्ह खडा भई न्यायपालिकामा सेवारत निष्ठावान न्यायाधीश र कानून व्यवसायीहरुको समेत शीर निहुराउने कार्य भएको छ।

२०७६।०१।१०

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन: १७७-१-४२००९३७
फ्याक्स: १७७-१-४२००९३६
इमेल: neba@nepalbar.org
वेब: www.nepalbar.org

प.सं.

मितिः

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा बस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगासागर खत्री
भिमसेन बन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
वीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी

३. न्यायधिश नियुक्तिको सम्बन्धमा संविधान र न्याय परिषद ऐनमा बिद्यमान रहेको समावेशी सिद्धान्तको मर्म र भावनालाई यस पटकको न्यायाधिशको सिफारिश र नियुक्तिले पनि सम्बोधन गर्न सकेको पाइएन ।

४. सर्वोच्च अदालतमा नियुक्त न्यायाधिशहरुको संविधान बमोजिम संसदीय सुनुवाईको नेपाल बार एशोसिएशनका पूर्व अध्यक्षले पेश गरेको वस्तु पत्रमा उल्लेखित बिषय बस्तुलाई समेत पूर्ण रुपमा उपेक्षा गरी संसदीय सुनुवाई जस्तो गहन संवैधानिक जिम्मेवारीलाई सामान्य औपचारिकतामा सिमित गरी हठातमा गरिएको अनुमोदन र नियुक्तिबाट न्यायाधिशहरुको ससदीय सुनुवाई पद्धति प्रति नै गंभिर प्रश्नखडा भएको छ ।

५. नेपाल बार एशोसिएशनबाट सिफारिश भई न्यायपरिशद्मा मनोनित हुन भएको माननीय सदस्यज्यूले बार एशोसिएशनको तत्कालिन नेतृत्वसंग समेत कुनै छलफल परामर्श नगरी नयां केन्द्रिय समतिको निर्वाचन भई मत गणना भईरहेको समयमा कानून व्यवसायीहरुबाट न्यायधिश नियुक्तिको लागि सिफारिश हुने व्यक्तिहरुको हठात सिफारिश गरी आफूले प्रतिनिधित्व गरेको बर्गको भावना र मर्यादालाई बेबास्ता गरी कार्य सम्पादनगर्ने प्रवृतिले परिषदमा सहभागीताप्रति नै प्रश्न चिन्ह लागेको छ ।

६. न्यायपालिकामा बिगतमा भएका नियुक्तिहरु समेत बिवाद मुक्त हुन नसकेको र पछिल्लो पटक भएको नियुक्ति थप बिवादास्पद बन्दै गएको सन्दर्भमा न्यायपालिकाको सुदुर भबिश्य, स्वतन्त्र, सक्षम र निर्भिक रहने कुरामा विश्वास गर्ने आधार कम हुंदै गएको छ । यसले गर्दा न्याय परिषद्को संरचना वा संसदीय सुनुवाई वा दुवैको विकल्प सोच्नुपर्ने या त न्याय परिषद् कानूनमा संशोधन गरी न्याय परिषद्का सदस्यहरुलाई जिम्मेवार बनाउन अपरिहार्य भइसकेको सर्वत्र अनुभूति गरिएको छ ।

तसर्थ नेपालको संविधान र न्याय परिषद् ऐन अनुकूल न्यायधिशको नियुक्ति, अनुमोदन र सिफारिश लगायतका कार्यहरुमा न्याय परिषद् र संसदीय सुनुवाई समितिले खेलेको भुमिकाले न्यायपालिकाको गरिमा र जन आस्थामा गंभिर रुपमा चोट पुगेका निश्कर्ष निकाल्दै यस बिषयमा सम्वेदनशील र जिम्मेवार भई बिषय वस्तुलाई अबिलम्ब सम्बोधन गर्न र आगामि दिनमा न्यायपालिका प्रतिको जनआस्था र मर्यादा अभिबृद्धिका लागि न्यायपरिषद् र यसका जिम्मेवार पदाधिकारी एबम् सदस्यहरु समक्ष जोडदार माग गर्दछौं । यस बिषयमा समस्यको यथोचित समाधान र सम्बोधनको निम्ति वार्ता र सम्वादमा रहन ने.बा.ए.सदैव तत्पर रहेको व्यहोरा समेत जानकारी गराउन चाहान्छौं । साथै न्यायधिशहरुको संसदीय सुनुवाईको सम्बन्धमा गरिएको संवैधानिक व्यवस्थाको मर्म र भावना एबम् जन अपेक्षाको समेत कदर गरी संसदीय सुनुवाई व्यवहारिक पारदर्शि र बस्तु परक बनाउन तत्काल आवस्यक पहलगर्न संसदीय सुनुवाई समिति र संसदको समेत गंभिर ध्यानाकर्षण गराउदछौं ।

आगामी दिनमा न्यायपालिकामा हुने ढिलासुस्ती, न्यायिकविकृति, बिसंगतिहरुको अन्त्य, न्यायमा जनताको सरल र सहज पहुँच, कानूनव्यवसायीहरुको दक्षता अभिबृद्धि एवम् आचार संहिता परिपालनाका लागि ने.बा.ए दृढसंकल्पित रहने प्रतिबद्धता समेत व्यक्तगर्दै हाम्रो यस अभियानमाआ-आफ्नो तर्फबाट सल्लाह सुझाव र सहयोग पुऱ्याई दिनु हुन नेबाएका पूर्व अध्यक्ष एवम् पदाधिकारीज्यूहरु, न्यायाधीशज्यूहरु, बरिष्ठ अधिवक्ताज्यूहरु लगायत सम्पूर्ण कानूनव्यवसायीज्यूहरु, बार एशोसिएशन र न्यायपालिकाका कर्मचारीहरु, नेपाल सरकार तथा दातृ निकायहरु, अदालत एवम् पत्रकार, संचारकर्मी एवम् संचार माध्यम तथा सरोकारवालाहरु सबैमा हार्दिक अपिल गर्दछौं ।

निरन्तर सहयोग र समझदारीका लागि धन्यवाद

२८.९.२०७१

लीलामणि पौडेल
महासचिव
नेपालबार एशोसिएशन

नेपाल बार एशोसिएशन

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३८
इमेल: neba@nepalbar.org
वेब: www.nepalbar.org

च.नं.

मिति: २०७६।०७।१९

केन्द्रीय कार्यसमिति
(२०७८-२०७९)

अध्यक्ष
वप्रेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुन्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
भिम बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा बस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद प्रसाद पोखेल

सदस्य
डा शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन बज्राचार्य
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
गोकुल साशकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

सम्माननीय प्रधान न्यायाधीशज्यू
सर्वोच्च अदालत
रामशाहपथ, काठमाडौं
नेपाल ।

विषय :- **ध्यानाकर्षण गराइएको सम्बन्धमा ।**

सम्माननीयज्यू,

नेबाए आफ्नो स्थापनाकालदेखि नै कानूनी शासन, स्वतन्त्र, सक्षम र निर्भिक, विकृति विसंगतिविहीन न्यायपालिका, मानव अधिकार, संवैधानिक सर्वोच्चता, प्रेस स्वतन्त्रता, व्यवसायिक हक हित संरक्षणको पक्षमा सदा उभिँदै आएको छ । भर्खरै निर्वाचित नेपाल बार एसोसिएशन, केन्द्रीय कार्यसमितिले न्यायपालिकाको जनआस्था अभिवृध्दि र व्यावसायिक र मर्यादित बारका लागि आफुलाई समर्पित गर्ने लक्ष्य लिएको छ । नेपाल बारले आफ्नो लक्ष्य प्राप्तिका लागि पञ्चवर्षिय रणनैतिक कार्ययोजना तर्जुमा गरी अगाडि बढ्ने निर्णय गरेको छ र ततकालका लागि नेपाल बारले अवका दिनहरूमा गर्नुपर्ने सुझावहरू संकलन एवम कार्यान्वयनका लागि प्रदेशस्तरीय बार बैठक गर्ने र प्रत्येक बारमा सुझाव पेटिका (Suggestion Box) राखी प्राप्त सुझावहरूलाई क्रमशः कार्यान्वयनको थालनी हुन गैरहेको र न्याय परिषद्मा नेपाल बारको सिफारिसमा नियुक्त हुने सदस्यको सिफारिसमा पारदर्शी मापदण्ड तथा ती सदस्य र नेपाल बारबीचको सहकार्य र समन्वय एवम कानून व्यवसायीहरूबाट न्यायाधीशमा नियुक्ति हुने व्यक्तिहरूको विषयमा पनि संविधान र कानूनको परिधिभित्र रहेर सक्षम र पारदर्शी "सूचकहरू" के कस्तो हुनु पर्दछ भनी कार्यविधि\निर्देशिका तर्जुमाका लागि नेपाल बारले पहल गरिरहेको व्यहोरा सम्माननीयज्यू समक्ष अवगत गराउन चाहन्छौं ।

विगत केही समयदेखि स्वतन्त्र, सक्षम, विसंगति र विकृतिविहीन न्यायपालिकाको सम्बन्धमा केही कमी कमजोरी देखिएको हामीले महसुस गरेका छौं । न्यायपालिकाको गरिमा दिनानुदिन घट्दै गएको महसुस हुन थालेको छ । न्यायपालिकाको जनआस्था अभिवृध्दिका लागि तत्काल न्यायपालिकाको काम कारवाहीमा देखिने गरी सुधारका उपाय अवलम्बन नगर्ने हो भने न्यायपालिकाप्रति जनताको आस्था खस्कदै जाने निश्चित

नेपाल बार एसोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
वेब: www.nepalbar.org

पत्र

मिति:

केन्द्रीय कार्यसमिति
(२०७८-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद महराई
सुरेन्द्र थापा अगर
रामचन्द्र सिंह राजपूत
मिल बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा बस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन बन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
बिमलानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
वीना कुमारी सिंह (चौधरी)
पद्मनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

छ । तसर्थ समग्र न्यायपालिकाको सुधारका लागि तत्काल निम्नानुसारको कार्य थालनी हुनका लागि सम्माननीयज्यू समक्ष ध्यानाकर्षण गराउँदछौं ।

१) विगतमा न्यायाधीशहरूको नियुक्ति सिफारिसका विषयमा पटक पटक विवाद उठ्दै आएको छ । न्याय परिषद् ऐन, २०७३ दफा ५(१) मा नियुक्तिका लागि सिफारिस गर्दा न्याय परिषद्ले संविधानको अधिनमा रही समानुपातिक समावेशी सिद्धान्तलाई मुख्य आधार मान्दै 'वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमान्दारिता, निष्पक्षता, पेशागत तथा नैतिक आचरण, सार्वजनिक जीवनमा आर्जन गरेको ख्याति, न्याय र कानूनको क्षेत्रमा गरेको योगदान समेतका दृष्टिकोणबाट न्यायाधीशको पदमा नियुक्त गर्न उपयुक्त भएको' हुनुपर्ने व्यवस्था भएकोमा संविधानको मर्म, भावना र समानुपातिक समावेशी सिद्धान्तको प्रतिकूल एवं न्याय परिषद् ऐनको दफा ५(१) को भावना विपरित गई छनोटको मापदण्ड अपारदर्शी, व्यक्तिगत पहुँच र भागबण्डाका आधारमा नियुक्ति, सिफारिस र नियुक्ति हुने गरेकाले न्यायपालिकाको गरिमामा प्रश्न उठ्ने गरेको नेपाल बारको ठम्याई छ । मध्यरातमा नियुक्त गरिएको प्रकृयाको आलोचना भैरहेकै वेला नेबाएका सम्पूर्ण सदस्यहरूको निर्वाचनमा होमिई रहेको अवस्थामा हतार हतारमा न्याय परिषद्द्वारा मिति २०७५/१२/१९ मा भएको सिफारिस निर्णय पनि विवादमुक्त हुन सकेन । तसर्थ, न्यायाधीशहरु नियुक्तिको विषयमा भएका कमीकमजोरीहरुलाई आत्मसात गरी त्यस्ता कमी कमजोरीहरु आगामी दिनमा नदोहरिने गरी अविलम्ब उचित र प्रभावकारी व्यवस्था अवलम्बन गर्न सम्माननीयज्यूको ध्यानाकर्षण गराउँदछौं ।

२) न्यायक्षेत्रभित्र विसंगति, विकृति र भ्रष्टाचार नियन्त्रण गर्न नेपाल बारको प्रतिनिधि समेत सम्मिलित एउटा विशेष संयन्त्र निर्माण गर्न अनुरोध गर्दछौं ।

३) हालका अवस्थामा विशेषगरी, फौजदारी मुद्दाहरुमा तल्ला अदालतहरुमा निर्भीक र निष्पक्षताकासाथ कारवाही निर्णय हुनमा कठिनाई देखापरेको भन्ने आम कानून व्यवसायीहरुले महसुस गर्न थालेको स्थिति छ । अदालतहरुको क्रियात्मक स्वतन्त्रताको विषयलाई गम्भीरताका साथ लिनुपर्ने देखिएको छ ।

४) सर्वोच्च अदालतको न्याय सम्पादनमा अन्तर्राष्ट्रियस्तरमा प्रतिष्ठित र मर्यादित बनाउन फैसलाहरुको अध्ययन, अनुसन्धानका लागि Jurimetrics Research System को आधारमा न्यायपालिकाभित्र संयन्त्र निर्माण गरियोस साथै सबै

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२०८३७
फ्याक्स नं : ९७७-१-४२०८३६
इमेल: neba@nepalbar.org
वेब: www.nepalbar.org

प.सं

मिति:

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुन्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा बस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन बन्जारा
भुवन प्रसाद निरौला
प्रकाश भट्टर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
वीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

तहका अदालतका फैसला आदेशहरू सम्वन्धित Website मा नियमिततवरले upload गरी अध्ययन गर्न पाउने व्यवस्था गर्न अनुरोध गर्दछौं ।

५) कजलिष्ट (पेशी सूची) व्यवस्थापन सम्बन्धमा पुराना मुद्दा फछ्र्यौट गर्नुपर्ने, थुनुवा मुद्दा छिटो टुङ्ग्याउनु पर्ने, अग्राधिकार दिइएका मुद्दा, अन्तरिम आदेश छलफल सम्बन्धी मुद्दा र अन्य मुद्दाहरु समेत पेशी चढ्नुँदा प्राथमीकिकरणमा ध्यान नपुगेको देखिएको छ । कुनै इजलाशमा पुराना मुद्दा मात्र राखी सो माथि धेरै संख्यामा दोहोऱ्याइ पाऊँ भन्ने निवेदन समेत राख्ने, धेरैजसो थुनुवा मुद्दाहरु एकै इजलासमा मात्र राखिंदा थुनुवा मुद्दाहरुको पालो नआउने, कुनैमा अग्राधिकार प्राप्त मुद्दाहरुमाथि अ.आ. छलफलका निवेदनहरु थपी अग्राधिकारको मुद्दाले पालो नपाउने र पुरानो मुद्दाले पालो नै नपाउने र कुनै नयाँ मुद्दाले अति छिटो मौका पाउने गरी कजलिष्ट निस्कने, हेर्न नमिल्ने न्यायाधीशको इजलासमा पटक पटक पेशी चढ्ने गरेको अनुभव भइरहेको छ । यसतर्फ सम्माननीयज्यूको ध्यानाकर्षण भई कुनै बार विशेषमा अमुक अमुक विषयका मुद्दाहरु हेर्ने र कानून बमोजिम प्राथमिकतामा रहने मुद्दाहरु अधिकतम किनारा लगाउन सकिने गरी सबै इजलाशहरुमा पर्ने गरी तोक्ने व्यवस्था हुन अति आवश्यक रहेको छ । साथै, इजलास गठनका सम्बन्धमा स्व:चालित प्रणाली Automation System अबलम्बन गर्ने शीघ्र व्यवस्था हुन ध्यानाकर्षण गराउँदछौं ।

६) अदालतबाट भएका फैसलाहरुको पूर्ण पाठ तयार हुन लामो समय लाग्ने गरेका र यसबाट न्यायका उपभोक्ताहरुलाई मर्का पर्ने गएको हुँदा फैसला भएको कम्तीमा १ (एक) महिनाभित्र फैसलाको पूर्ण पाठ तयार गर्ने व्यवस्था गर्न र फैसलामा माननीय न्यायाधीशले सही गरेको मितिसमेत उल्लेख गर्ने नियमावलीको व्यवस्था समेत व्यवहारमा अविलम्ब लागू गर्न जरुरी देखिएको छ ।

७) सर्वोच्च अदालतको नयाँ र आधुनिक भौतिक संरचना निर्माण सम्बन्धी योजनाको सन्दर्भमा नेपाल बार एसोसिएशन र यस अन्तरगतका बार एकाईहरुका लागि पनि सोही अनुरुपको आधुनिक र भौतिक सुविधासम्पन्न भवन निर्माणका लागि उचित व्यवस्था हुन सम्माननीयज्यूसंग विशेष अनुरोध गर्दछौं ।

८) नियमानुसारको न्याय क्षेत्र समन्वय समिति र मुद्दा व्यवस्थापन समितिको नियमित बैठक बस्ने र तत्तत् क्षेत्रका समस्याहरु अविलम्ब समाधान गर्ने व्यवस्था मिलाइनुपर्दछ ।

२०७६।१२।१९

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. ९७७-१-४२००८३७
फ्याक्स नं. ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
वेब: www.nepalbar.org

पत्र

मिति:

केन्द्रीय कार्यसमिति
(२०७८-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्टाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र शाषा नगर
रामचन्द्र सिंह राजपूत
मिल बहादुर महत
उमेश प्रसाद घिष्ट
रक्षा बस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन बन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
वीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

९) यसअघि प्रदान गरिएको वरिष्ठ अधिवक्ताको उपाधिले वरिष्ठ अधिवक्ताको मात्र नभई कानून व्यवसायकै अवमूल्यन भएको सबैले महसुस गरेका छन् । त्यसैले, कानून व्यवसायलाई थप व्यावसायिक र मर्यादित बनाउन वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्दा व्यवसायमा निरन्तरता रहे नरहेको, व्यक्तिगत आचरण, व्यवहार र समाजप्रतिको योगदान समेतको मूल्याङ्कन गरी आवधिक रुपमा प्रदान गर्ने व्यवस्था हुन र हाल विद्यमान कानूनी व्यवस्थाका अतिरिक्त वैज्ञानिक आधारको सूचक (मापदण्ड) निर्धारण गरिनु पनि आवश्यक देखिन्छ ।

१०) अदालतहरुमा कानून व्यवसायी र सेवाग्राहीका सवारी साधनहरुको पार्किङको गम्भीर समस्या रहेको र अदालतका नयाँ भवनहरुको निर्माणमा समेत यसतर्फ ध्यान पुग्न सकेको देखिंदैन; यसको समाधानका लागि पहल हुनु जरुरी छ ।

११) राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट संचालन गरिने तालिम प्रशिक्षण लगायतका कार्यक्रममा कानून व्यवसायीहरुको न्यून मात्रको सहभागिता गराइने कुराको अन्त्य गरी उक्त कार्यक्रमहरुमा कानून व्यवसायीहरुलाई समेत दक्षता अभिवृद्धिका लागि उचित र समान अवसर प्रदान गर्ने व्यवस्था मिलाउन समेत गंभिर ध्यानाकर्षण गराउदछौं ।

१२) पक्षहरुले लिने अनलाईन तारिख र मोबाइलमा एस.एम.एस द्वारा दिइने सूचना प्रभावकारी रुपमा कार्यान्वयन नभएको कारणले अनलाईन तारिखमा रहने पक्षहरु र मातहत अदालतसमेतलाई असुबिधा भएको भन्ने व्यापक गुनासो रहेकोले अनलाईन तारिख र मोबाइलमा एस.एम.एस द्वारा दिइने सूचनालाई प्रभावकारी बनाई कार्यान्वयन गरिनु पर्दछ ।

१३) यस्तै सुधारात्मक कुराहरु आगामी नियमित बैठकहरुमा छलफलका क्रममा राख्दै जानेछौं ।

अन्तमा, सर्वोच्च अदालतका सम्पुर्ण माननीय न्यायाधीशज्यूहरु र प्रशासन तथा नेपाल बार एसोसिएशनकाबीच न्यूनतम दुई महिनामा एकपटक नियमित संयुक्त बैठकको प्रबन्ध हुन सकेमा आपसी सहयोग र सहकार्यबाट न्यायपालिकाको जनआस्था अभिवृद्धि तथा बौद्धिक र व्यावसायिक बारका लागि थप योगदान पुग्ने विश्वास लिएका छौं ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
वेब: www.nepalbar.org

नेपाल बार एशोसिएशन
Nepal Bar Association

चलानी नं. ९०/०६६/०६६

मिति २०६६।०४।१४

केन्द्रीय कार्यसमिति
(२०७८-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र शाप्पा अगर
राजचन्द्र सिंह राजपूत
भिम बहादुर महर
उमेश प्रसाद विष्ट
रक्षा बस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
[illegible] खत्री
श्रीअर्सेन बन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अञ्जु कायस्थ
गोकुल शाशंकर
विद्यानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
वीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

माननीय न्यायाधीश श्री ईश्वर प्रसाद खनवडा ज्यू
सर्वोच्च अदालत
रामशाहपथ, काठमाडौं ।

विषय :– राय सुझाव सम्बन्धमा ।

महोदय

बार र बेञ्च एक सिक्काको दुई पाटा हुन । कानून व्यवसायीलाई सामाजिक अभियन्ता, अधिकार रक्षक, विद्वान र अदालतके अधिकृतको रुपमा लिइन्छ । यस्ता कानून व्यवसायीहरुको व्यवसायीक एवं सामाजिक जीवनको सम्मान र सुरक्षा एवम् पनि गरिएको हुन्छ । यसबाट उनको विश्वास र गरिमाको सुरक्षण गरी कानून व्यवसायी एवं अदालतको समान विश्वास बढाउन दवै पाटा जिम्मेवार हुन पर्दछ । एक अर्कामा विश्वास सम्मान, उत्तरदायी र जिम्मेवार पूर्ण व्यवहार हुनु पर्दछ । यसै प्रसंगमा सम्माननीय सर्वोच्च अदालत बाट लामो समय देखि इमान्दार एवं जिम्मेवार पूर्ण कानून व्यवसाय गरि आएका अधिवक्ताहरुलाई वरिष्ठ अधिवक्ताको उपाधीद्वारा सम्मान गर्ने गरि आएको छ । सर्वोच्च अदालतले २०६७ साल सम्म प्रदान गरेको उपाधि बारेमा छिटफुट बहस भएको भए पनि त्यसपछि प्रदान गरिएका उपाधीहरु अधिकांस के साँच्चै कानूनद्वारा अपेक्षित उच्चतम योग्यता परा भएका र व्यवसायीक र सामाजिक ख्याती प्राप्त थिए त ? छैनन ? भन्ने गम्भीर प्रश्न उठेको छ । यसबाट न त दाताको न त पाएकतांको नै इज्जत बढेको छ, बरु दवै संस्था र व्यक्तिको अपमान र उसंग मजाक र खिल्लीको महशस भएको छ । तसर्थ अब आइन्दा वरिष्ठ अधिवक्ताद्वारा कुसैलाई सम्मान गर्दा निम्न कुराहरुलाई विचार गरी दाता र पाएकतांको व्यक्तिगत र संस्थागत छवि सधान हुने बनाउन यथाशीघ्र नीति बनाएर लागु गर्न सुझाव पेश गरिएको छ ।

१ दान र सम्मान सयोग्य र सपात्रलाई दिइन्छ । तसर्थ त्यस्ता व्यक्तिको खाती गरी दिने र लिने दुवैको इज्जत हुने गरि छनोट हुनु पर्दछ । त्यसका लागि आवश्यक मापदण्ड बनाई लागु गरिन पर्छ ।

२ ऐन कानूनले तोकिएको न्यूनतम योग्यता मात्र नहेरी अधिकतम योग्यता भएका व्यक्तिलाई मात्र वरिष्ठ अधिवक्ताको उपाधी दिइन पर्दछ ।

३ निरन्तर कानून व्यवसायमा रहेका निजी तथा सार्वजनिक जिवनमा कुनै दोष नलागेका नेपाल बार एशोसिएशन एवं हुकाइ बारमा विभिन्न पदमा रही काम गरे

नेपाल बार एसोसिएशन
राजशाही, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३१
इमेल: nebar@nepalbar.org
वेब: www.nepalbar.org

मिति: 2066/08/18

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
भाल बहादुर रुन्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
जिया बहादुर गुरुङ
उमेश प्रसाद विष्ट
रक्षा बस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन बन्जारा
भुवन प्रसाद निरौला
प्रकाश भण्डारी
लाल कृष्ण गौरे
अञ्जु कार्यस्थ
मोहन साशकर
खिलानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
वीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी

भएका अधिवक्ताहरूलाई वरिष्ठको उपाधि दिनपछि यसको परिक्षण अदालत फैसला र नेपाल कानून व्यवसायी परिषद्को अभिलेखबाट गर्न सकिन्छ ।

४ अन्य पेशा व्यवसायमा रहेका र कुनै सरकारी सार्वजनिक संस्थाबाट निवृत भएकाहरूको हकमा निवृत भएपछिको कानून व्यवसाय गरेको १५ वर्ष पुरा गरेपछि मात्र वरिष्ठ अधिवक्ताको प्रमाण पत्र दिन उपयुक्त हुन्छ ।

५ हाल मानाथ वरिष्ठ उपाधी दिन मिल्ने अवस्था देखिंदैन ।

६ समावेशी गराउन उपयुक्त हुन्छ तर न्यूनतम योग्यता निरन्तर अभ्यासबाट पाएकीभएको हुनुपर्छ साथै प्रमाणपत्रको उमेरले ।

७ हाल उपाधि दिन सकिने कानूनी व्यवस्थाको बखिलाफ हुने गरी अन्य व्यवसायमा संलग्न रहेकाहरूलाई दिन हुँदैन ।

८ आफ्नो कार्यालय दता रहि राज्यलाई नियमीत कर बुझाएको व्यक्ति हुन पर्दछ ।

९ व्यवसायीक निष्ठा, इमान्दारीता, लगनशिलता र निरन्तरता तथा समाज प्रति पुऱ्याएको योगदानको बारेमा सम्बन्धित कार्य क्षेत्र भित्रका विभिन्न स्थानमा लब्ध प्रतिष्ठीत व्यक्तिहरूलाई गोप्यरुपमा जानकारी लिन सकिन्छ ।

१० उपाधी दिन अघि अनुमति लिने आचार संहिता विपरित काम गरेको पाइए फिर्ता गर्ने वा स्वेच्छीक रुपमा उपाधि फिर्ता गर्न सक्ने व्यवस्था गर्न पर्छ ।

२०६६/०८/१८

अधिवक्ता लीलामणि पौडेल
महासचिव

नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं. ९३३/०६६/०७६

मितिः २०७६ मङ्सिर ०४ गते ।

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी

श्री सम्माननीय प्रधान न्यायाधीश एवम् अध्यक्षज्यू,
न्याय परिषद्, काठमाडौं ।

बिषयः न्यायाधीश नियुक्तिको सिफारिस प्रक्रिया बारे बारको सुझाव ।

महोदय,
न्यायपालिकाको न्यायाधीश नियुक्ति देखि न्यायाधीशहरूको न्याय सम्पादन कार्य लगायतका क्षमता र आचरणहरूको मूल्याङ्कन तथा अभिलेख अद्यावधिक गर्ने जस्ता अति गहन कार्यको जिम्मेवारी न्याय परिषद्मा रहेको र सो न्याय परिषद्को नेतृत्व सम्माननीय प्रधान न्यायाधीशज्यूले गर्ने सन्दर्भमा सम्माननीय प्रधान न्यायाधीशज्यूको भूमीका विशेष महत्वपूर्ण रहेको कुरामा दुईमत हुन सक्दैन ।

नेपालको संविधान अनुसार नेपाल बार एसोसिएशनको सिफारिसमा एक जना सदस्य न्याय परिषद्मा रहने व्यवस्था छ । त्यसबाट न्याय परिषद्को काम कारवाईमा बारको सकारात्मक भूमिकाको रूपमा रहनुपर्ने सुस्पष्ट छ ।

विगत केही समयदेखि न्याय परिषद्बाट न्यायाधीश नियुक्तिलाई लिएर बारम्बार सार्वजनिक रूपमैं गुनासो हुने गरेको स्थिति सम्माननीयज्यूमा विदितै छ । विगतका कमी कमजोरीहरूलाई हटाउन के गर्न सकिन्छ ? भन्ने विषयमा नेपाल बार एसोसिएशनकोतर्फबाट मिति २०७६/०२/१९ मा सम्माननीयज्यू समक्ष ठोस सुझावहरू पेश गरेका थियौं ।

अहिले, न्यायाधीश नियुक्तिका लागि राजनीतिक दल, व्यक्तिका सिफारिशका आधारमा सिफारिश हुन लागेको भन्ने कुरा न्यायिक जगतमा व्यापकरूपमा आइरहेको परिप्रेक्षमा तत्कालका लागि सम्माननीय प्रधान न्यायाधीशज्यूमार्फत न्याय परिषद् समक्ष निम्नलिखित सुझाव प्रस्तुत गरेका छौं:

१. नेपालको संविधान र न्याय परिषद् ऐन, नियमावलीले न्यायाधीश नियुक्तिसम्बन्धी योग्यता र सिफारिस प्रक्रियाको व्यवस्था गरेको छ, सो व्यवस्था र प्रक्रिया तथा त्यसको मर्मलाई आत्मसात गरी विधिको शासन अवलम्बन गरिनु अतिआवश्यक छ ।

२. रिक्त न्यायाधीश पदका लागि ईच्छुक व्यक्तिहरूको विवरण माग गर्ने र सम्बद्ध विभिन्न निकायहरूसँग परामर्श लिई रोष्टर बनाउनुपर्ने व्यवस्था रहेको हुँदा त्यस्तो रोष्टर नेपाल बार एसोसिएशनको समेत जानकारीमा रहनु उपयुक्त हुने नेपाल बारको ठहर छ ।

३. न्यायाधीश नियुक्तिको सिफारिसको निर्णयका लागि छलफल प्रक्रिया शुरू हुनु अघि पदपूर्ति गर्नुपर्ने न्यायाधीशहरूको पद संख्याको आधारमा न्याय परिषद्बाट अद्यावधिक गरिएर रोष्टरमा रहेका व्यक्तिहरूमध्येबाट रिक्त पद संख्यामा एक बराबर न्यूनतम ३ जनाका हिसाबले न्यायाधीश नियुक्तिका लागि योग्य व्यक्तिहरूको रोष्टर न्याय परिषद्बाट तयार गरी ईच्छुक उम्मेदवारहरुको नाम सार्वजनिक गरिनु पर्दछ ।

नेपाल बार एशोसिए
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८
इमेलः neba@nepalbar.or
वेबः www.nepalbar.org

प.सं. ९२३/०६९/०६६

मितिः

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

४. त्यसरी तयार गरिएको रोष्टर नामावलीमा रहेका व्यक्तिहरूका सम्वन्धमा सिफारिशका ल संविधान, कानून अनुरूप उपयुक्त भए नभएको सम्वन्धमा सम्वद्ध निकायहरू, नेपाल एसोशिएशन, सर्वोच्च अदालत फूलकोर्ट र महान्यायाधिवक्ता समेतसँग अति गोपनीयताका राय परामर्श गरिनु पर्दछ ।

५. सम्वन्धित निकायको राय परामर्शपछि उचित ठहरिएका नामावलीभित्रका व्यक्तिहरू मध्ये मात्र न्याय परिषद्वाट उच्चतम रूपमा उपयुक्त ठहरिएका व्यक्तिहरू न्यायाधीशमा नियुक्ति लागि सिफारिश गरिनु पर्दछ ।

Nepal Bar Association

वरिष्ठ अधिवक्ता चण्डेश्वर श्रेष्ठ
अध्यक्ष

नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

च.सं. 292/066/066

मितिः २०७७ असार २३ गते

ाय कार्यसमिति
७६-२०७९)

ाक्ष
श्वर श्रेष्ठ

ाध्यक्ष
ल कुमार श्रेष्ठ
बहादुर रुम्दाली
री प्रसाद भट्टराई
द्र थापा मगर
वन्द्र सिंह राजपूत
बहादुर महत
ा प्रसाद बिष्ट
वस्याल

सचिव
ामणि पौडेल

ाध्यक्ष
प्रसाद पोखेल

स्य
शिवराज पण्डित
सागर खत्री
सेन वन्जारा
न प्रसाद निरौला
श महर्जन
कृष्ण गैरे
जु कायस्थ
न साशंकर
ानन्द अधिकारी
ना कुमारी भण्डारी
ा कुमारी सिंह (चौधरी)
नारायण मण्डल
नारायण नगरकोटी

श्री सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं ।

विषयः सर्वोच्च अदालत नियमावली २०७४ को नियम ७६ (६क) को संशोधन सम्बन्धमा ।

महोदय,

अदालती काम कारवाहीमा प्रत्यक्ष सरोकार राख्ने ऐन, नियम, कार्यविधिका सम्बन्धमा अन्य सरोकारवालाको जस्तै कानून व्यवसायीहरु र यसको साझा संस्था नेपाल बार एशोसिएशनको पनि चासो र सरोकार रही रहन्छ । नेपाल बार एशोसिएशन स्वतन्त्र, सक्षम, निष्पक्ष न्यापालिका र यसका काम कारवाहीहरुमा सहज, सरल पहुँचका लागि सदा आवाज उठाउँदै आएको छ । यस सन्दर्भमा नेपाल बार एशोसिएशनले बिगतमा जस्तै मिति २०७६/०२/१९ का दिन सम्माननीय प्रधान न्यायाधीशज्यूमार्फत सर्वोच्च अदालतलाई ध्यानाकर्षण गराएको व्यहोरा पुनः स्मरण गराउन चाहन्छौं ।

बिगतदेखि नै मुद्दा तथा पेशी व्यवस्थापन वैज्ञानिक र युक्तियुक्त नभएका कारणले विभिन्न गुनासो र प्रश्नहरु उठीरहेका थिए र छन् । त्यसैले नेबाएले पेशी सूची व्यवस्थापनलाई स्वचालित (Automation) प्रविधिमार्फत गरिनु उपयुक्त रहेको र अन्य व्यवस्थापकीय सुधारका विषयमा सुझावहरु पनि दिईदै आएको छ । तर हालै सर्वोच्च अदालत नियमावली २०७४ को नियम ७६ मा संशोधन गरी थप गरिएको नियम (६क) विषयमा उल्लेखित सुझावहरुलाई अनदेखा गरि थप आंशकायुक्त, टीकाटिप्पणी लायक मात्र नभएर मुद्दामा प्रतिनिधित्वलाई समेत औपचारिक मात्र बनाउन खोजिएको स्पष्ट देखियो । साप्ताहिक सूचीमा नचढेको मुद्दा दैनिक सुचीमा मात्र प्रकाशित गरि सुनुवाई गर्दा पक्षको प्रतिनिधित्व, कानून व्यवसायीको सार्थक र रचनात्मक प्रतिनिधित्वको पनि आवश्यकता महसुस नगरिएको प्रतित हुन्छ । तसर्थ उक्त थप गरिएको नियम ७४ (६क) तत्काल खारेज गरि आम सरोकारवालाको विश्वास जगाउने, कानून व्यवसायीको सार्थक, प्रभावकारी र रचनात्मक प्रतिनिधित्वको वातावरण सिर्जना गर्नेतर्फ पहल गरियोस् भनी सर्वोच्च अदालतमा लेखि पठाउने भन्ने नेबाएको मिति २०७७/०३/१९ को निर्णयानुसार यो पत्र लेखिएको छ । अतः उक्त नियमावली खारेज गरि जनविश्वास आर्जन गर्न र कानून व्यवसायीको सार्थक प्रतिनिधित्वको वातावरण निर्माण गर्न अनुरोध गरिन्छ ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं.

मिति:२०७७ साउन १८ गते ।

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
भिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी

प्रेश विज्ञप्ती

नेपाल बार एशोसिएशन आफ्नो स्थापनाकालदेखि नै संवैधानिक सर्वोच्चता, विधिको शासन, मानव अधिकार, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, प्रेस स्वतन्त्रता, व्यवसायिक हक हित संरक्षण र प्रवर्धनको पक्षमा सदा क्रियाशील रही आएको छ । उल्लेखित कुनै पनि विषयमा कहिँ कतैबाट जुनसुकै रूपमा पुऱ्याएको वा पुऱ्याइने दखल, हस्तक्षेपको हामी खुलेर विरोध गर्दछौं । सोका लागि समय-समयमा नेबाएले गर्दै आएका आन्दोलन, विरोध तथा सुझावहरु सबैका सामु छलङ्ग नै छन् ।

न्यायपालिकाले स्वतन्त्रता, सक्षमता, निष्पक्षता तथा न्यायिक सद्विवेकको आधारमा कानून बमोजिम न्याय सम्पादन गर्नुपर्ने कुरामा कुनै विवाद हुन सक्दैन । कहिलेकाँहि कुनै अदालतबाट भएका आदेश, फैसलालाई लिएर विभिन्न सञ्चार माध्यमहरुबाट विभिन्न समाचारहरु पनि प्रकाशिन हुने गरेको पाईएबाट उल्लेख भए अनुसार काम, कारवाही नभई राखेको भन्ने नेबाएलाई पनि महसुस भएको छ । तसर्थ अदालतको सहयोगी, अदालतको स्वतन्त्रता, सक्षमता, निष्पक्षताको पक्षमा विकृति, विसंगति विरुद्ध सँधै आवाज उठाईरहने संस्था नेबाए मुकदर्शक भएर रहन सक्दैन । त्यसैले नेबाएको आज मिति २०७७ साउन १६ गते बसेको बैठकको निर्णयानुसार नेपाल राज्यभरका अदालतहरुबाट विकृति, विसगंतिजन्य आदेश तथा फैसला कुनै भएको भन्ने पाईएमा सो विषयमा नेबाएले अध्ययन गरि सम्बन्धित निकायमा आवश्यक कार्यार्थ लेखि पठाउने निर्णय भएकोले सम्पूर्ण बार एकाईहरुलाई त्यस किसिमका कुनै आदेश तथा फैसला भएको भए नेबाएमा पठाईदिनुहुन अनुरोध गरिएको छ ।

कुनै अदालतबाट भएका एकाध आदेश, फैसलालाई लिएर सञ्चार माध्यम तथा जनस्तरबाट समेत गम्भीर रुपमा भएका विरोध तथा समाचार सम्प्रेषणबाट न्यायपालिकाको जनआस्थामा गम्भीर दख्खल पुग्न जाने हुँदा यस्ता नकारात्मक समाचार वा विरोधको विषय बन्ने आदेश, फैसलाहरु हुनु हुँदैन । कानून बमोजिम न्यायपूर्ण फैसला हुनुपर्दछ भन्ने कुरामा नेबाए सँधै दृढ रहि समय-समयमा सर्वोच्च अदालत र न्याय परिषद् समक्ष ध्यानाकर्षण गराउँदै आएको र त्रुटीको गम्भीरता हेरी नेबाए स्वयं पनि आन्दोलनमा सरिक भएको बिगत पनि स्मरण गराउन चाहन्छौं ।

विगत केहि समय अगाडिदेखि सम्मानीत सर्वोच्च अदालत लगायत मातहत अदालत समेतका आदेश फैसलाहरुलाई लिएर आम सञ्चार माध्यम तथा जनस्तरबाट भएका टिका-टिप्पणी र गुनासाहरुका विषयमा नेपाल बार एशोसिएशनको गम्भीर ध्यानाकर्षण भएको छ । अदालतका आदेश, फैसलाहरुमा बौद्धिक बहस, छलफल ह[illegible] सक्छ तर समग्र न्यायपालिका र न्याय प्रणालीप्रति नै अनास्था फैलाउने किसिम[illegible] टिका-टिप्पणी र प्रदर्शन गर्ने कार्यलाई उचित मान्न सकिँदैन । अदालतका आ[illegible] फैसलाहरुमा भएका त्रुटीहरु कानूनबमोजिम अदालतबाटै सच्याउने विधि र प्रक्रि[illegible]

रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं.

मितिः

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी

संविधान, ऐन, नियम बमोजिम नै हुने गर्दछ । अदालत सँधै जनआस्थामा टिकेको हुन्छ । नागरिकको अदालतप्रतिको आस्था टुट्न गएमा मौलिक हकको प्रचलन दुरुह हुने त छँदैछ, साथै लोकतान्त्रिक शासन व्यवस्थाप्रति नै अनास्था फैलिने र अन्ततः कानून विहीनता र मत्स्य न्यायको स्थिति सिर्जना हुन जान्छ । तसर्थ अदालतप्रतिको जनआस्था कमजोर पार्ने किसिमका गतिविधिमा नलाग्न सम्पूर्ण सञ्चार माध्यम तथा सर्वसाधारणहरुमा हार्दिक अपिल गर्दछौं ।

नेबाएले यस अघि पनि पटक-पटक न्यायपालिकाको र न्याय परिषद्का काम, कारवाहीका सम्बन्धमा विभिन्न सुझावहरु मार्फत ध्यानाकर्षण गराउँदै आएको छ । उक्त सुझावहरुलाई शिघ्र ग्रहण गरि आवश्यक सुधारको प्रक्रिया थालनी गर्न सर्वोच्च अदालत र न्याय परिषद्सँग माग पनि गर्दछौं । यसै सन्दर्भमा पेशी सूची व्यवस्थापन विषय र न्यायाधीश नियुक्तिको विषयमा यस अघि नेवाएले गराएको ध्यानाकर्षणप्रति गम्भीर भएर सर्वोच्च अदालतमा दिईएको ध्यानाकर्षणहरु मध्ये पेशी सूची प्रकाशनमा पटक-पटक अवैज्ञानिक किसिमबाट भएको पाईएकोले मुद्दाको पेशी सूची स्वचालित (Automation) पद्दतीमार्फत गरिनु पर्दछ भन्ने सम्बन्धमा बिगत केहि वर्ष अगाडिदेखिको ध्यानाकर्षणको हालसम्म सम्बोधन नभएको र आम कानून व्यवसायी र पक्षहरुको समेत गुनासो रहि आएकोले सर्वोच्च अदालत र उच्च अदालतहरुमा सबैको विश्वास हुने किसिमबाट पेशी सूची प्रकाशन गर्न विद्युतीय स्वचालित प्रणाली प्रक्रिया अविलम्ब अवलम्बन गरियोस् भनि जोडदार माग गर्दछौं ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव

हाम्रो ध्यानाकर्षण र अपील

कानून र संविधानद्वारा न्यायलयले आफ्नो शक्ति प्राप्त गरेपनि त्यसमाथिको जनविश्वासलाई न्यायलयको सबैभन्दा ठूलो तागत मानिन्छ । न्यायलयमाथि जनविश्वास घट्नु सिंगो संवैधानिक व्यवस्था र न्यायीक प्रणालीकै अस्तित्वका लागि खतराको विषय हो । दुर्भाग्य, न्यायलय र यसको नेतृत्व आज एक पछि अर्को यस्तै समस्या र विवादमा पर्दै गएको छ । यसका कामकारवाहीहरु आलोच्य भएका छन् । कतिपय फैसलाहरुमा गम्भीर जनचासो र चिन्ताहरु प्रकट भएका छन । न्यायाधीशहरुको निश्पक्षता, सक्षमता, स्वतन्त्रता र जवाफदेहीतामा गम्भीर प्रश्नहरु खडा भएका छन । न्यायलयलाई राजनीतिक कार्यकर्ताको भर्ती केन्द्र बनाइएको छ । बीसौ बर्षसम्म यस्ता व्यक्तिहरुको नियन्त्रणमा न्यायलय रहने योजना बनाईएका छन् । वकालत व्यवसायमा आबद्ध व्यक्तिहरू यी सबै चर्तिकलाहरूको मौन साक्षी भएर बस्न बाध्य हुनुपर्ने अवस्था छ । यस्ता गतिविधिहरूको औपचारिक रूपमा विरोध गर्दा पनि राज्य संयन्त्रहरूबाट त्यसको सुनुवाई हुन सकेका छैनन । परिषद् नामको संस्था नै विवाद र घृणाको पर्यायवाची बन्न पुगेको छ । संस्थाको छवि नै त्यस्तो भए पछि त्यसमा रहेर काम गर्ने व्यक्तिहरू स्वच्छ नदेखिनु स्वाभाविक नै हुन आउँछ । अतः सतहमा आएका समस्याहरुको यथासीघ्र सम्बोधन हुन नसकेमा सिंगो न्याय व्यवस्था र विधिको शासन नै खलबलिन सक्ने हुँदा हामी कानून तथा न्याय क्षेत्रमा कार्यरत सरोकारवालाहरु यी विषयमा गम्भीर सरोकार र चिन्ता व्यक्त गर्दै न्याय र न्यायलयको गौरवलाई अक्षुण राख्न देहायका पहल कदमीहरुका लागि सम्बद्ध निकाय र पदाधिकारीहरुलाई अपील गर्दछौं :

१) नेपालको न्यायीक इतिहास कमजोर छैन, बरु गर्व गर्न लायककै छ । राज्यका सबै शक्तिहरु कुनै एउटा अंगमा मात्र सीमित हुन गएमा त्यो निकाय अनियन्त्रित र स्वेच्छाचारी हुन्छ । त्यसैले राज्यका अंगहरुबीच शक्तिको पृथकीकरण आवश्यक हुन्छ भन्ने शक्तिपृथकीकरणको मान्यता अनुसार राज्यका अन्य अंगहरुबाट न्यायालयलाई पृथक राख्ने उद्देश्यले वि.सं. १९९७ सालमा प्रधान न्यायालयको स्थापना गरेको इतिहास हामीसँग छ । तत्पश्चातका न्यायीक कृयाकलापहरुले पनि न्यायीक स्वतन्त्रता र न्यायका मूल्य मान्यताहरुलाई धेरै हदसम्म संरक्षण र सम्बर्द्धन गर्दै आएका हुन । तथापी, वर्तमान समयमा देखापरेका गम्भीर न्यायीक विचलनताले हामी अत्यन्त मर्माहत भएका छौं । एउटा न्यायाधीश आफ्नो कर्तव्यबाट च्युत हुनु भनेको उसमाथि संविधान र कानूनले गरेको विश्वासलाई घात गर्नु हो । यस्ता कृयाकलापले सिंगो न्याय प्रणालीलाई धुमिल र कमजोर बनाउछ भन्ने हाम्रो मान्यता छ । त्यस्ता न्यायकर्मीहरुलाई तत्काल छानविन र कारवाहीको दायरामा ल्याइनु पर्दछ ।

२) विधिको शासनको मर्मलाई व्यवहारमा उतार्न न्यायपालिका राज्यका अन्य अंगहरुबाट साच्चिकै पृथक र स्वतन्त्र हुनु पर्दछ । यस्तो न्यायलयले मात्र सम्पुर्ण जवाफदेहिता र सक्षमताका साथ निश्पक्ष रुपमा न्याय सम्पादन गर्न सक्छ । तर, यसको विपरित यदि न्यायपालिका राज्यका अन्य निकायहरुबाट नियन्त्रित, कसैद्वारा प्रभावित र आन्तरिक रुपमा भ्रष्ट एवम् कमजोर हुन गयो भने त्यो अवस्था लोकतन्त्र र विधिको शासनका लागि सबैभन्दा प्रतिउत्पादक र अफापसिद्ध हुन जान्छ । दुःखका साथ भन्नु पर्छ नेपालको न्यायालयको अहिलेको अवस्था एकपछि अर्को नाजुक र विसंगतीपूर्ण बन्दै गएको छ ।

३) न्याय सत्य हो, साश्वत हो, जीवनको अभिष्ट हो, अन्यायको विरूद्ध हो । सबै व्यक्तिमा समान रूपले प्रकट हुने चाहना हो । त्यसैले यो चाहनालाई पूरा गर्नका लागि राज्य व्यवस्थामा स्वतन्त्र न्यायपालिकाको आवश्यकता महसुस गरी अन्तर्राष्ट्रिय रूपमा नै यसका निश्चित मापदण्ड सीमा, मूल्य र मान्यताहरू निर्धारण गरी त्यसै अनुरूप स्वतन्त्र न्यायपालिकाको अवलम्बन गर्ने अभ्यास

संसारभर हुदै आएको छ । हामीकहाँ पनि यीनै मूल्य मान्यता, सीमा र मापदण्डलाई लागू गर्ने उद्देश्यले नेपाल अधिराज्यको संविधान, २०४७ ले न्याय परिषद् सहितको स्वतन्त्र न्यायपालिकाको व्यवस्था गर्यो । केही परिवर्तनका साथ नेपालको संविधानले पनि त्यसलाई निरन्तरता दिएको छ ।

४) सिद्धान्त र व्यवहारमा देखिने फरक जस्तै स्वतन्त्र न्यायपालिकाभित्र आजसम्म गरिएका अभ्यासहरूलाई हेर्ने हो भने सुखद अभ्यासहरू थोरै र दुःखद अभ्यासहरू अत्यधिक मात्रामा देखिदै आएका छन् । न्यायाधीशको नियुक्तिमा सक्षम, इमान्दार र निष्ठावान व्यक्तिको खोजी नगरी सत्तासिन राजनीतिक दलका केही शक्ति हातमा लिएका नेताहरूको इसारामा त्यस्ता नेतासँग निकट सम्बन्ध भएका उनका नातागोता, चेलाचपेटा, कार्यकर्ता, व्यवसायिक फर्मका साझेदार (पार्टनर) जस्ता व्यक्तिहरू खोजी खोजी नियुक्ति गर्ने अभ्यास बढदै गएपछि न्याय परिषदको अध्यक्षका रूपमा रहने प्रधान न्यायाधीश र अन्य सदस्यहरूमा समेत आफ्ना त्यस्तै प्रकारका मान्छेहरू नियुक्ति गर्ने अभ्यास अगाडी बढ्दै जाँदा न्यायलाई प्रभावित पार्ने काममा खटिएका विचौलियाहरूले समेत न्यायाधीशमा नियुक्ति पाउने अभ्यास शूरु भएका छन् । न्यायाधीश नियुक्त भइसकेपछि तटस्थ र निष्पक्ष रूपमा काम गर्नु पर्ने व्यक्तिहरूलाई त्यसबाट विचलित गराईएको र पार्टीको इशारामा काम गर्न निर्देशन दिइएका घटनाहरू पनि सार्वजनिक भएको देखियो ।

५) कानुन तथा संविधानको संरक्षण एवं सम्बर्द्धनको प्रमुख जिम्मेवारी न्यायपालिकालाई सुम्पनु पछाडिको संवैधानिक दर्शन र मान्यता भनेको राज्यका अन्य दुई निकायभन्दा न्यायपालिका बढी विश्वसनीय एवं निष्पक्ष हुन्छ भन्ने हो । संविधानले न्यायपालिकालाई स्वतन्त्र, सक्षम र जवाफदेही बनाउन खोजेको देखिन्छ । यस्तो निकाय कति स्वच्छ, निष्पक्ष र स्वतन्त्र हुनुपर्छ भन्ने कुरा बोलेर लेखेर निर्क्यौल हुने विषय होइन् । यी चीज अदालतको कार्यबाट प्रमाणित हुनसक्नु पर्दछ । जनताले त्यसको अनुभूति गरेको हुनुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ ।

६) आज हाम्रा सामुन्ने दुई डरलाग्दा प्रवृत्ति र यथार्थताहरु देखापरेका छन । एउटा, न्यायालयलाई कसरी आफ्नो नियन्त्रण र प्रभावमा राख्न सकिन्छ भन्ने योजनाबद्ध सोचका साथ अघिबढेको राजनीतिक प्रणाली । दोस्रो, आन्तरिक रुपमै जर्जर अवस्थामा पुगेको न्यायालय र त्यसको न्यायप्रशासन । न्यायालय कमजोर, भ्रष्ट र नियन्त्रित भएमा त्यसमाथि आफ्नो पकड राख्न सहज हुन्छ र त्यस्तो न्यायालयबाट मात्रै आफ्ना नाजायज र अवैध कार्यहरु संरक्षित हुन सक्छन भन्ने सोच नेपाली राजनीतिज्ञहरुले लामो समयदेखि राख्दै आएको देखिन्छ । मूलतः सत्तासिन रहेको र राज्यव्यवस्थामा हालीमुली भएको अवस्थामा यस्ता अभिष्टहरु सतहमा प्रकट हुने गरेका छन । यसको प्रत्यक्ष शिकार आज न्यायलय बन्न पुगेको छ । न्यायीक नेतृत्व सम्पूर्ण रुपमा मुक दर्शक छ ।

७) न्यायालयभन्दा बाहिरको अवस्था जति भयावह छ, न्यायालयभित्रको आन्तरिक अवस्था त्योभन्दा धेरै गुणा बढी वेथिति र विसंगतीपूर्ण रहेको छ । व्यक्तिगत स्वतन्त्रताको मापदण्ड र संस्थागत स्वतन्त्रताको मापदण्ड न्यायिक स्वतन्त्रताका दुई ओटा मूख्य शर्तहरु हुन । व्यक्तिगत स्वतन्त्रता न्यायकर्मीको व्यक्तिगत स्वायत्तता र स्वतन्त्रतासँग सरोकार राख्ने विषय हो । एउटा न्यायाधीशले सबै प्रकारका दवाव वा प्रभाववाट मुक्त भई न्यायिक जिम्मेवारी कुन हदसम्म पूरा गर्ने वातावरण कानूनले प्रत्याभूति गरेको छ र न्यायाधीश स्वयम्ले त्यस्तो जिम्मेवारी व्यक्तिगतरूपमा के कसरी पूरा गरिरहेको छ भन्ने प्रश्न यहाँ अहम हुन जान्छ । न्यायलयको पछिल्लो अवस्थालाई हेर्दा न्यायिक स्वतन्त्रताका दुईओटै मापदण्डहरुमाथि गम्भीर प्रश्नचिन्ह खडा भएका छन् ।

८) नवागन्तुक कानुन व्यवसायीहरूमा कुन बार एसोसिएसनको सदस्यता लिएर कुन फर्ममा कानुनी अभ्यास शुरू गरेमा छिटो न्यायाधीश हुन पाइन्छ भन्ने मनोभावना विकास भएको देखिदैछ । अध्ययन

विश्लेषण र मनन् गर्नेभन्दा बार एसोसिएसनको पदाधिकारी वा सदस्य भएर त्यही हैसियतलाई प्रयोग गरी बारलाई भन्याङ बनाएर न्यायाधीशको नियुक्ति खाने, राज्यका अन्य नियुक्तिमा जाने अभ्यास पनि बार एसोसिएसन भित्र निरन्तर रूपमा सशक्त रूपले बढ्दै आएको छ । बेञ्चलाई कानुन र संविधानप्रति पुर्णरुपमा जवाफदेही बनाउन भूमिका निर्वाह गर्नुपर्ने बारको यस्ता हर्कतबाट हामी स्तब्ध भएका छौं ।

९) इमान्दार, निष्ठावान र सक्षम व्यक्तिहरूको मानमर्दन गरेर लघुताभाषमा बाँच्न बाध्य तुल्याइदैछ । कलेजमा सँगसँगै अध्ययन गरेकामध्ये न्याय सेवामा प्रवेश गरेको व्यक्ति जिल्ला अदालतको न्यायाधीश हुनसम्म पनि नपाउदै कानुन व्यवसायका व्यक्तिहरू सर्वोच्च अदालत र उच्च अदालतमा नियुक्तिका आकांक्षी बनेको देखिन थालेको छ । नियुक्ति भएको पदको लागि आवश्यक पर्ने कुनै क्षमता योग्यता नै नभएका निष्ठाच्यूत व्यक्तिहरूलाई न्यायाधीश मानेर बेञ्चमा उपस्थित हुँदा लाजले र पीडाले व्यथित मनोभावमा छटपटाउनु पर्ने बाध्यतामा उभिनु परिरहेको छ । यस्ता व्यक्तिहरूको नियुक्तिले गर्दा न्याय सेवा भित्र र कानुन व्यवसायमा भएका इमानदार र निष्ठावान व्यक्तिहरूको शीर निहुरिएको, अत्यन्त पीडाबोध भएको अभिव्यक्ति सुन्नु पर्दैछ । एनजीओ र आइएनजीओका व्यक्तिहरू उच्च तहका न्यायाधीशहरूलाई आफ्नो पोल्टामा ल्याई तिनीहरूलाई नै प्रयोग गरेर आफूले चाहेकालाई न्यायाधीशमा नियुक्ति दिलाउने र अदालतमा विचाराधीन धेरै मुद्दाहरूमा समेत प्रभाव पार्ने काम हुदै आएका छन् । कतिपय अवस्थामा त अदालतमा लेखिने फैसलाहरू, आदेशहरू त्यस्तै संस्थाका व्यक्तिहरूबाट लेखिएको भन्ने समाचाहरू बाहिर आएको पनि थाहा भएकै हो । नेपालमा जुनसुकै व्यक्ति पनि जुनसुकै पदका लागि योग्य हुन्छ, खाली त्यस्तो मौका कुर्नु मात्र पर्दछ भन्ने भनाई झन् झन् चरितार्थ हुदै आएको छ ।

१०) न्यायाधीश नियुक्तिमा हुने राजनीतिक प्रभाव र आर्थिक चलखेलले अयोग्य र निष्ठाच्यूत व्यक्तिहरूलाई न्यायाधीशको नियुक्तिका लागि तारतम्य मिलाउने, सिफारिस गर्नेहरूले आफ्नो आर्थिक हैसियत एकाएक बढाउने गरेका परिदृश्यहरू पनि हाम्रै आँखा अगाडी छन् । यस बीचमा आफ्ना मान्छे छनौट गर्न लिखित दरखास्त नै माग गरी परीक्षा लिएको नाटक मञ्चन गर्ने कामहरू पनि भए । मध्यरातमा न्याय परिषदको बैठक बस्ने, पद खाली भई नसक्दै पेश्कीको रूपमा नियुक्ति गर्ने, न्याय परिषदको बैठकमा नै राजनीतिक दलका व्यक्तिहरू उपस्थित हुनेसम्मका लज्जास्पद घटना र पदरिक्त भएको मौका छोपेर बैठक बस्नेसम्मका घटनाहरू पनि देखिएका छन् ।

११) मातहतका अदालतमा रहेका न्यायाधीशहरूले सम्पादन गरेको न्यायप्रति कटाक्ष गर्दै मानसिक यातना दिने, निर्देशित भएर फैसला आदेश गर्न बाध्य पार्दै तल्लो तहदेखि माथिल्लो तहसम्म सेवा निवृत्त भएका र सेवामा बहालै रहेका न्यायाधीशहरूको विचौलिया समूह खडा गर्ने, आफू मातहत तहका अदालतका न्यायाधीशहरूले संस्थागत सम्बन्ध स्थापित गर्न भेटघाटका लागि गरेका प्रयासहरूलाई निरूत्साहित गरी विचौलियाहरूसँग मात्र गोप्य रूपमा भेटघाट गर्ने कार्यहरू भइरहेका छन् ।

१२) अदालतमा परेका मुद्दाहरूको सुनुवाई गर्न प्रकाशित गरिने पेशी सूचीहरूको निर्धारण गर्दा व्यापक मनोमानी हुदै आएको छ । अंकानुक्रमबाट पेशी तोकिने अभ्यासमा अक्षरानुक्रममा तोकिने अर्को प्रकारको पेशी सूचीको प्रादुर्भाव भयो । पुरानो मुद्दालाई कि त स्थगित सूचीमा राख्ने कि त अक्षरानुक्रम पछि पालै नआउने गरी तल्लो क्रममा तोक्ने, मुद्दा स्थगित गर्दा मनोमानी रूपमा गर्ने, एकै खालका मुद्दाहरूमा अरू मुद्दा एउटा इजलासमा र एउटा मात्र मुद्दा अर्को इजलासमा छुट्टै तोकेर

मिलाउने, इजलासको गठनमा मुद्दाको प्रकृति, विगो, मुद्दाका पक्षको हैसियत आदि हेरेर त्यसै अनुरूप आफ्ना प्रभावका न्यायाधीशमा पार्ने वा नपार्ने गरी इजलासको गठन गर्ने, इजलासको गठनबाटै अमुक मुद्दामा हुनसक्ने आदेश वा फैसलाको पूर्वानुमान लाउन सकिने गरी इजालस गठन गरेका दृष्टान्तहरू त प्रत्येक दिन नै देख्नु पर्ने भएको छ ।

१३) यस्ता कार्यहरू न्यायपालिकाको सर्वोच्च निकाय र सर्वोच्च नेतृत्व तहबाटै हुने गरेकाले न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता र पारदर्शितामा नै अहम् प्रश्न खडा भएको छ । सर्वसाधारण जनताले न्याय नै पाउन नसक्ने स्थिति खडा भएको सन्दर्भले हामी न्याय दिलाउने कार्यमा सहयोग गर्ने अभिभारा बोकेका कानुन व्यवसायीहरू गम्भीर र स्तब्ध हुन पुगेका छौं । हामीले गरेको सुधारको अपेक्षा पनि मृगमरिचिका जस्तै बन्न पुगेको छ । अन्य निकायहरुमा जस्तै न्यायपालिकामा पनि न्याय र न्याय प्रशासनलाई अटल र निश्पक्ष राख्न न्यायीक नेतृत्वको अहम जिम्मेवारी हुन्छ । सिंगो न्यायलय र न्यायप्रशासनले कानून र संविधान अनुरुप संचालन गर्ने जिम्मेवारी पाएको व्यक्ति आफ्नो कर्तव्यबाट विचलित वा च्युत हुन पुग्यो भने त्यस्तो नेतृत्व त्यो निकायकालागि अभिसाप बन्न जान्छ । यसतर्फ न्यायीक नेतृत्वको गम्भीर रुपमा ध्यान जावस भन्ने हाम्रो अपील छ ।

१४) एउटा सामान्य व्यक्तिले पनि महसुस गर्न सक्ने एकदमै क्रुर र हिंस्रक घटनामा संलग्न व्यक्तिले सफाई पाउने, सजायमा छूट पाउने र सिधा साधा, निम्नस्तरको परिवन्दवस अपराधमा व्यक्तिले चर्को सजाय व्यहोर्नु पर्ने गरी हुने गरेका फैसला र आदेशहरूले सिङ्गो न्यायापालिका र त्यसमा आवद्ध कर्मचारी, वकिल न्यायाधीशहरूलाई खिसी उडाउने गरी व्यङ्ग्य गरेका छन् । फैसला र आदेशमा देखिएका विचलनहरूले गर्दा कतिपय मुद्दाहरूमा कुनै राजनीतिक दल, संघ संस्था आदिको आयोजना वा निर्देशन बेगर स्वःस्फुर्त रूपमा त्यस्ता फैसला र आदेशहरूको विरूद्धमा सर्वसाधारणहरू नै सडकमा उत्रिएर विरोध प्रदर्शन गर्ने मात्र होइन सामाजिक सञ्जालमा पढन र उच्चारण गर्न पनि नसकिने तल्लो स्तरको गालीहरूको वर्षा हुन थालेको छ । यसरी व्यक्त भएका गाली गलौजपूर्ण टिप्पणीहरू निश्चय पनि शोभनीय हुदैनन् । तर शीष्ट भाषामा अभिव्यक्त भएका टिप्पणीहरूलाई अदालतप्रतिको आस्था र विश्वासमा संकट पैदा भएपछि व्यक्त भावनाको रूपमा बुझ्न जरूरी छ । तर यस्ता शीष्ट र सम्यमपूर्ण अभिव्यक्तिबाट पनि फैसलाकर्ताको दिनचर्यामा कुनै प्रभाव नपर्नु आश्चर्यको कुरा भएको छ । त्यस्ता टीकाटिप्पणी सार्वजनिक भइसकेपछि अदालतबाट त्यस्ता टीकाटिप्पणीबाट अदालतको गरिमा र मर्यादा कायम नरहने भावको परम्परागत शैलीको विज्ञप्ति प्रकाशित भएको छ । अदालतको कामकारवाहीका कारणले वा त्यस उपरको टिप्पणीका कारणले अदालतको गरिमा र मर्यादामा आँच आएको हो भन्ने बहसको अर्को विषय बनेको छ ।

१५) यी सम्पूर्ण खराबीहरूलाई समाप्त पार्न सर्वपक्षीय आयोगको गठन गरी व्यापक रूपमा अध्ययन अनुसन्धान गरी न्यायपालिकाको पुनर्संरचना गर्ने खासगरी २०६३ र ०६४ यता भएका नियुक्तिहरुको पूनर्मूल्याङ्कन गरी पुनरनियुक्तिको व्यवस्था मिलाउने तथा कार्यक्षमताको अभाव र बदनियतका साथ काम गर्ने न्यायाधीशहरूमाथि महाअभियोग लगाउनु पर्ने मागहरू पनि बीच बीचमा हुदै आएका छन् ।

१६) न्यायपालिकाभित्र यस्तो गतिविधि भइसक्दा पनि राज्य संयन्त्रमा रहेका व्यक्तिहरूको आपसी मिलेमतोका कारण केही नभएको सबै कुरा राम्रो र स्वाभाविक रूपमा भएको भान पर्ने गरी राजनीतिक दल, तीनका जिम्मेवार निकाय र व्यक्तिहरू, संवैधानिक निकायहरू सबै कुम्भकर्णको निद्रामा परे झैं निदाएका छन् । अन्याय र अत्याचारका विरूद्ध निकालिएका आवाजहरू तथा लेख रचनाहरूले तिनीहरूलाई छुनै छाडेको छ । उनीहरूको समवेदना गैंडाको छालाजस्तो कुनै पीडाबोध नै

नहुने भएको छ । यसरी अन्यायका विरूद्धमा बोलिएका लेखिएका कुराहरू अरण्य रोदन झै सावित हुन थालेका छन् । अदालतका गतिविधिहरूको निगरानी गर्ने सबैभन्दा प्राथमिक दायित्व भएका बार एसोसिएसनहरू अकर्मण्य भएर रहेका छन् । यस्ता गतिविधिहरूको प्रत्यक्ष अप्रत्यक्ष समर्थनमा नै आफ्नो व्यक्तिगत भलो हुने देखेर होला प्रतिक्रियाहीन भएर संस्थागत अस्तित्वलाई नै समाप्त पार्ने मौनता साँधेको देखिएको छ ।

१७) जुन उद्देश्य राखेर न्याय परिषदको गठन भयो, त्यो उद्देश्य बमोजिम परिषदले काम गर्न सकेन । परिषदले गर्ने निर्णयमा कुनै कारण र आधार नखोली निर्णय गर्ने परिपाटीले मान्यता पाउन थालेपछि परिषदका सबै सदस्यले आफ्नो आफ्नो गोजीबाट नाम निकालेर सबैका नाम समावेश गरेर निर्णय गर्ने अभ्यासको सुरूवात भयो । आवश्यक न्यूनतम योग्यता नपुगेको व्यक्तिलाई नियुक्ति गर्नका लागि माइन्यूट सच्च्याउनेदेखि योग्यता पूरा भएपछि मात्र बैठक बस्नेसम्मका गतिविधिहरू परिषदबाट हुन पुगे । व्यक्तिको अनुहार हेरेर कहिले सर्वोच्च अदालतकै न्यायाधीश उपर पनि छानविन र कारवाही गर्ने काम भयो । अस्थायी न्यायाधीशका रूपमा नियुक्त गरेका व्यक्तिहरूलाई अस्थायीको म्याद पटक पटक थप गरी उनीहरूको हुर्मत काडेर अन्तिममा स्थायी नगरी विदा गर्ने र तीन वर्षसम्म काममा लगाइसकेपछि उनीहरूको क्षमतामा प्रश्न उठाउदै संवैधानिक प्रावधानको वहाना देखाएर घर पठाउने काम पनि भयो । बैठक बस्ने कुनै मापदण्डको विकास भएन । बैठक बसे पनि हुने नबसे पनि हुने । कहिले बैठक चाँडै बसाउदा फाइदा हुने कहिले नबसाउदा फाइदा हुने भयो । प्रणालीलाई स्थापित गर्नेभन्दा पनि परिषदका सदस्यहरूको मनोमानीले प्रश्रय पाएको देखियो । कहिले जेष्ठतालाई तिलाञ्जली दिने, कहिले क्षमतालाई तिलाञ्जली दिने कार्यहरू भए । नियुक्तिको सिफारिस गर्दा तय गरिने वरियताक्रम पनि सिफारिसकर्ताको इच्छामा निर्भर रहेको देखियो । पैसाको लेनदेनबाट न्यायाधीशको नियुक्ति भएको समाचार बाहिर आउनुले सम्पूर्ण न्याय जगत नै लज्जित हुन पुग्यो ।

१८) कुनै साधिकार निकायको निर्णय वा पत्र बेगर परिषद्का सदस्यहरूको पदीय हैसियत समाप्त भएको स्वघोषणा गरी पदरिक्त भएको देखाई परिषदको आकार नै पूर्ण नभई हतारमा मौका छोपेर निर्णय गर्ने काम पनि भयो । न्याय परिषदमा सदस्य भएर जाने व्यक्तिहरूमध्ये नगण्य व्यक्तिहरू मात्र आफ्नो स्वच्छ छविका साथ आफ्नो कार्यकाल पूरा गर्न सफल भए । धेरै सदस्यहरूले आफ्नो कार्यकालको पूरा समय काम गर्न सकेको देखिएन । जिल्ला न्यायाधीशहरूको परिषदले लिने परीक्षा पनि विवादरहित बन्न सकेन । त्यसरी नै जिल्ला अदालत र उच्च अदालत (साविकमा पुनरावेदन अदालत) का न्यायाधीशहरूको सरूवा पनि तर्क, औचित्य र कारणमा आधारितभन्दा पनि परिषदका अधिकारीहरूको मर्जीमा आधारित भएको देखियो । परिषदले सिफारिस गरेका उमेदवारहरूको संसदीय सुनुवाई हुँदा बेइज्जतीपुर्ण प्रश्नहरू प्रतिप्रश्न गरेर सुनुवाईको ढोका पार गरेर आउने न्यायाधीशहरूको इज्जत प्रतिष्ठा उसै बखत सकिइसकेको हुनाले न्यायाधीशको मर्यादा र गरिमालाई बचाउन नसक्ने स्थिति पनि उत्पन्न भयो ।

१९) न्यायपालिका, कानुन व्यवसाय, बार एसोसिएसनको यो चित्र प्रस्तुत गरिरहँदा व्यक्तिको विरोधबाट संस्थामा पर्न जाने असर, असल र निष्ठावान व्यक्तिमा पर्न जाने असरको बारेमा पनि हामी सचेत रहेका छौं । व्यक्तिको विरोध गर्दा संस्थामा धक्का पर्नु हुँदैन । संस्थालाई बचाइराख्न सकियो भने संस्थामा एकदिन असल गुण भएको व्यक्ति पनि पुग्न सक्छ भन्ने यथार्थलाई हामीले गम्भीर ढंगले बुझेका छौं । त्यही कारणले गर्दा न्यायपालिकाभित्र विगतदेखि वर्तमानसम्म घटेका घटनाहरूका सन्दर्भमा तत्काल अनुसन्धान प्रारम्भ गरी दोषी उपर आवश्यक कारवाही गरी संस्थाको संस्थागत छविलाई अक्षुण्ण राख्न सम्बन्धित संवैधानिक निकाय, राजनीतिक दल र तिनका सम्बन्धित

निकायहरूको ध्यानाकर्षण गराउन र न्यायपालिकाभित्र व्यापक सुधारको प्रकृया सुरू गर्न नेपाल बार एसोसिएसन तथा सर्वोच्च अदालत बार एसोसिएसनले पहलकदमी लेओस भन्ने अनुरोध गर्दै यो ध्यानाकर्षण गराएका छौं । यो केवल सचेतना र दुष्प्रवृत्तिको विरोध र आलोचना मात्र हो । विचारधीन मुद्दाप्रति हाम्रो कुनै आग्रह पूर्वाग्रह छैन, न्यायीक प्रक्रियाबाट हुने फैसलालाई पर्खनु पर्ने न्यायीक परम्परालाई हामी स्वीकार गर्दछौं तर विवादित मुद्दा विचाराधीन रहेको भन्ने आधारमा मात्र न्यायाधीशको नियत र कार्यक्षमताका सम्बन्धमा छानविन निष्कृय हुन सक्दैन भन्ने हाम्रो मान्यता रहेको छ । हामी संस्थाको संस्थागत छवि धुमिल हुन नदिन प्रतिबद्ध छौं । यसरी सालिनतापूर्वक गरिएको अनुरोधलाई बेवास्ता गरियो भने हामीले अझ गम्भीर भएर अगाडी बढ्नु पर्ने दिनहरू आउनेछन् भन्ने तर्फ समेत ध्यानाकर्षण गराउन चाहन्छौं ।

२०) यी सम्पूर्ण कुराहरूलाई हृदयङ्गम गर्दै आउँदा दिनहरूमा परिषदका सदस्यको रूपमा हुने नियुक्ति, परिषदबाट हुने काम कारवाही, न्यायाधीश नियुक्तिका लागि गरिने सिफारिस तथा न्यायाधीशहरूको सरूवा, उनिहरूको काम कारवाहीको अनुगमन गर्ने लगायतका सम्पूर्ण काम कारवाहीहरू पारदर्शी र प्रणालीगत आधारमा नभएमा त्यस्ता कार्यहरू अस्वीकार्य हुने र त्यस्ता कार्यहरूको निरन्तरता भइरहेमा त्यस्ता गतिविधि र क्रियाकलापहरूको प्रतिकार गरिने व्यहोरा दुःखका साथ जानकारी गराउदछौं ।

२१) अतः न्यायलयको सुधार, यसमाथिको जनविश्वासलाई कायम राखी न्यायलय भित्र देखिएका विकृती, विसंगती, अनिमितता, भ्रष्टाचार, राजनीतिक दवाव र प्रभावलाई सदाकालागि अन्त्य गर्न निम्न विषयमा तत्काल पहल कदमी लिइयोस भन्ने हामी सम्बद्ध निकाय तथा पदाधिकारीहरुलाई हार्दिक अपील गर्दछौ ।

तत्काल संबोधन गरिनु पर्ने मागहरु :

२१.१ हालै सर्वोच्च अदालतबाट भएका विवादास्पद फैसला र आदेशहरूको सम्बन्धमा छानविन गरी प्रतिवेदन दिन पूर्व न्यायाधीशहरू, अग्रज वरिष्ठ अधिवक्ताहरू समेत रहेको अध्ययन समिति गठन गरियोस् ।

२१.२ संवैधानिक इजलासको निष्कृय भूमिकालाई सकृय गराउन संवैधानिक इजलासको गठनमा नै परिवर्तन गरी नियमितरुपमा सुनुवाई हुने व्यवस्था गरियोस् ।

२१.३ दैनिक र साप्ताहिक पेशी अटोमेसन प्रणाली र डिजिटल प्रक्रियाबाट तोक्ने व्यवस्था लागू गरियोस् ।

२१.४ कुनै मुद्दा सुनुवाईबाट स्थगन गर्न परेमा कारण र आधार खोली समान प्रकृतिका मुद्दामा समान मापदण्ड लागू हुने गरी स्थगित गरियोस् ।

२१.५ अक्षरानुक्रम प्रणाली र अंकानुक्रम प्रणालीमा आधारित पेशी सूची खारेज गरी अंकानुक्रममा मात्र पेशी तोक्ने व्यवस्था गरियोस् ।

२१.६ साप्ताहिक पेशी सूचीमा मुद्दा समावेश नगरी एकै पटक दैनिक पेशी सूचीमा समावेश गर्न सक्ने गरी सर्वोच्च अदालत नियमावलीमा गरिएको संशोधित व्यवस्था खारेज गरियोस् ।

२१.७ एकै प्रकृतिका मुद्दाहरु बहुसंख्यकरुपमा एउटा इजलासमा र एउटा मात्र मुद्दा भिन्न इजलासमा सुनुवाई गर्ने गरी पेशी तोक्ने व्यवस्था बन्द गरियोस् ।

२१.८ समय र क्षमताले सम्भव नहुने गरी अत्यधिक संख्यामा पेशी तोक्ने व्यवस्था बन्द गरियोस् ।

२१.९ फैसलाको पूर्ण पाठ तयार पार्ने मापदण्ड सबै मुद्दामा समानरुपमा लागु गरियोस् ।

२१.१० इजलासमा न्यायाधीश तोकिएको समयमा बस्न नसक्ने भएमा उपस्थित हुने समयको बारेमा इजलास समक्ष उपस्थित भएका कानुन व्यवसायीलाई जानकारी गराउने व्यवस्था लागु गरियोस् ।

२१.११ नेपाल बार एसोसिएसनबाट मिति २०७७/४/१८ मा जारी विज्ञप्ति फिर्ता लिई ~~माथिका~~ मागहरूलाई सम्बोधन गर्ने गरी अर्को विज्ञप्ति जारी गरियोस् ।

२१.१२ अदालत सुधारको नाममा हुने गैरसरकारी संस्थाहरुको प्रवेशलाई अन्त्य गरियोस् ।

२१.१३ खासगरी उच्च अदालत र जिल्ला अदालतहरुमा इजलासको संख्याभन्दा न्यायाधीशको संख्या बढी हुने परिपाटीको अन्त्य गरियोस् ।

२१.१४ न्याय माथि जनताको सहज पहूँचको सुनिश्चितता गरियोस् ।

२१.१५ अदालतको आदेश र फैसलाहरु कडाईका साथ कार्यान्वयन हुने परिपाटी मिलाईयोस् ।

दीर्घकालिन रुपमा संबोधन गरिनु पर्ने मागहरु :

२१.१६ न्यायीक नेतृत्वको शुद्धिकरण अभियान शुरु गरियोस् ।

२१.१७ क्रमिक रूपमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशहरूको सम्पत्ति पारदर्शी रूपमा छानविन गरी सार्वजनिक गरियोस् ।

२१.१८ सबै तहका अदालत र न्यायिक निकायहरुमा राजनीतिक प्रभाव र दवावमा भएका सबै नियुक्तिहरुको निश्पक्ष छानविन र जाँचबुझ गरी सक्षम व्यक्तिलाई न्यायाधीशमा नियुक्ति गर्न आवश्यक कानूनी तथा संवैधानिक प्रवन्ध गरियोस् ।

२१.१९ न्याय परिषदको संरचनामा आवश्यक हेरफेर गर्न संवैधानिक व्यवस्थामा सुधार गरियोस्

२१.२० संसदीय सुनुवाई सम्बन्धी व्यवस्थामा परिवर्तन गर्न आवश्यक संवैधानिक तथा कानुनी प्रबन्ध गरियोस् ।

सम्मान्य कानून व्यवसायीका
तर्फबाट - 026/08/22